# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन २३ गते २०५८ साल (पूर्वातिरिक्ताङ्क ७२

## भाग ३

### श्री ५ को सरकार

### महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको

### सूचना १

१. आयोगको स्थापनाः (१) श्री ५ को सरकारले महिलाको मौलिक हक तथा मानव अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय महिला आयोगको स्थापना गरेको छ ।

(२) राष्ट्रिय महिला आयोगमा महिला हक, हित र महिला विकासको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले तोके बमोजिमका अध्यक्ष, सदस्यहरू र सदस्य-सचिव रहनेछन् ।

२. अध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि तथा सुविधाः (१) राष्ट्रिय महिला आयोग (यसपछि "आयोग" भनिएको) का अध्यक्ष, सदस्यहरू तथा सदस्य-सचिवको पदावधि दुई वर्षको हुनेछ ।

(२) आयोगका अध्यक्ष, सदस्यहरू तथा सदस्य सचिवले पाउने सुविधा श्री ५ को सरकारले तोके बमोजिमको हुनेछ ।

३. आयोगको बैठकः आयोगको बैठक सम्बन्धी कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) राष्ट्रिय महिला आयोग गठन सम्बन्धमा आवश्यक पर्ने कानूनी व्यवस्थाको हकमा उपयुक्त कानूनको तर्जुमा गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सिफारिश गर्ने,

(ख) महिलाको मौलिक हक, मानव अधिकार तथा लैङ्गिक समानता सम्बन्धी अधिकार एवं नेपाल पक्ष भएका महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख गरिएका कुराहरूको प्रभावकारी कार्यान्वयनका लागि श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने,

(ग) महिला अधिकार तथा हकहितसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अध्ययन गर्ने र सो को कार्यान्वयन तथा त्यस्तो सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सहयोग गर्ने तथा सुझाव दिने,

(घ) महिला विकास कार्यमा संलग्न विभिन्न मन्त्रालय, संघ संस्था एवं अन्तर्राष्ट्रिय संस्थाहरूबाट संचालित कार्यक्रममा लैङ्गिक दृष्टिकोणको अवधारणा अनुरूप भए नभएको हेरी सम्बन्धित निकायलाई सुझाव दिने,

(ङ) महिला अधिकारको प्रचलन, सम्बर्द्धन र संरक्षणका लागि विश्वव्यापी मानव अधिकार सम्बन्धी मान्यता अनुरूपका कार्यहरू भए नभएको सम्बन्धमा अध्ययन गरी सो कार्यान्वयन गर्ने गराउनेतर्फ श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने,

(च) महिला विकास सम्बन्धी राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक परामर्श दिने,

(छ) महिलाको मानव अधिकार सम्बन्धी राष्ट्रिय सरोकारका विषयमा विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग समन्वय कायम गरी सहयोग प्राप्त गर्ने,

(ज) लैङ्गिक समानता र महिला सशक्तिकरण सम्बन्धी विषयमा अध्ययन गरी प्रभावकारी कार्यान्वयन गर्नेतर्फ श्री ५ को सरकारलाई सल्लाह एवं सुझाव दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) महिलाको मानव अधिकार उल्लंघनका घटना र नेपाली महिला उपर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएको घटना सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी सम्बन्धित निकायमा जानकारी गराउने,

(ञ) महिला पीडित वा थुनुवा वा कैदिको रुपमा रहेका कारागार, सुधार गृह तथा पुनर्स्थापना गृह आदि स्थानको निरीक्षण गर्ने तथा आवश्यकता अनुसार सम्बन्धित निकायलाई सुझाव दिने,

(ट) यौन शोषण, यौन दुराचार, बेचबिखन, कुटपिट, घरेलु हिंसा, बालविवाह, बहुविवाह, अनमेल विवाह लगायत अन्य सामाजिक हिंसाको शिकार भएका महिलालाई आवश्यकता अनुसार कानूनी परामर्श दिनुपर्ने तथा पुनर्स्थापना गराउनु पर्ने भएमा सो गर्न सहयोग पुऱ्याउने ।

५. श्री ५ को सरकारसँग सम्पर्कः आयोगले श्री ५ को सरकारसँग सम्पर्क राख्दा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

६. आयोगको कार्यालय र कर्मचारीः (१) राष्ट्रिय महिला आयोगको आफ्नो एउटा छुट्टै कार्यालय हुनेछ ।

(२) आयोगको दैनिक प्रशासनको संचालन सदस्य सचिवले गर्नेछ ।

(३) आयोगलाई आवश्यक पर्ने कर्मचारी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले उपलब्ध गराउनेछ ।

७. प्रतिवेदनः आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

## सूचना २

श्री ५ को सरकारको निर्णयानुसार राष्ट्रिय महिला आयोगमा देहायका व्यक्तिहरुलाई देहाय बमोजिम अध्यक्ष, सदस्य र सदस्य सचिव तोकिए को छ ।

| | |
|---|---|
| क. डा. दुर्गा पोखरेल | –अध्यक्ष |
| ख. प्रतिभा राणा | –सदस्य |
| ग. उमा कार्की | –सदस्य |
| घ. महालक्ष्मी (डिना उपाध्याय) | –सदस्य |
| ङ. बिन्दा पाण्डे | –सदस्य |
| च. सीता गिरी | –सदस्य |
| छ. अमृना अग्रहरी | –सदस्य |
| ज. लक्ष्मी राई | –सदस्य-सचिव |

आज्ञाले,
कृष्णप्रसाद शर्मा भण्डारी
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२५१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1252